# बोगटान फुड्सिल गाउँपालिकाको गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष ०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट २०७७

यस गाउँसभाका श्रद्धेय अध्यक्षज्यू एवं गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु
प्रमुख प्रशासकिय अधिकृत, प्रशासकिय अधिकृत,लेखा अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मी एवं पत्रकार ज्यूहरु ।

बोगटान फुडसिल गाउंपालिकाको आ.ब. २०७७/०७८ को नीति, कार्यकम तथा बजेट पेश गर्ने यो गरिमामय साँतौ गाउँसभामा सर्वप्रथम म संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालका राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरि नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाईते हुनुभएका योद्धाहरुको शीघ्रस्वास्थ्यलाभको कामना गर्दछु ।

नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ । संविधानले परिकल्पना गरेका तीनै ओटै सरकार संघ, प्रदेश र स्थानीय तहका निर्वाचन सम्पन्न भएको पनि धेरै समय व्यतित भईसकेको छ । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशिल हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारहरुका दायित्वका रुपमा रहेका छन । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक संवृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं।

अबको हाम्रो गन्तव्य गरिवी निवारणका लागि आर्थिक संवृद्धि, सुशासन,सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको गाउँसभाको शुभारम्भ सत्रमा हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी पाल्नुहुने अतिथि ज्यूहरु, अतिथि ज्यूहरु लगायत यहाँ उपस्थित हुनु भएका सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

नेपाली जनताको अर्थपूर्ण त्याग र वलिदानबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएको तथ्यलाई कसैले नकार्न सक्दैन । यो त्याग र वलिदानी सबै नेपालीको सुख र समृद्धी एवं मुलकको विकासका लागि हो । यो आन्दोलनमा डोटेली जनताका साथै बोगटान फुडसिलका वासिन्दाको पनि उत्तिकै योगदान रहेको छ ।  यो योगदान र त्याग आजको परिवर्तनका महत्वपूर्ण श्रृंखला हो । परिवर्तनको संवाहकको रुपमा रहेको स्थानीय सरकार र सो सरकारका सञ्चालक हामीहरुले  प्रत्यक्ष अनुभुती गर्न पाउने गरी कार्य गर्न सक्नु नै परिवर्तनका संवाहक प्रतिको सच्चा सम्मान हो भन्ने हाम्रो वुझाई रहेको छ ।

नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै पालिकावासी समक्ष पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो । तथ्य तर्क र कानुनका आधारमा पालिकवासीका जायज कुराहरुको सम्वोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको

बोगटान फुड्सिल गाउँपालिका

साथै लोकप्रीयताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र गाउँपालिका र जनप्रतिनिधीहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधीको युग हो । सूचना प्रविधीको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय तहहरुले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अवको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि गाउँपालिकाको भुगोल , जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृती, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ ।

गाउँपालिका सञ्चालनको ३ बर्षे कार्यानुभव हामीहरुले हासिल गरिसकेका छौ । यो ३ बर्षमा हामीले लिएका नीति, हाम्रा कार्य, र यसको उपलब्धीहरुको विभिन्न कोणहरुबाट लेखाजोखा पनि भईसकेको छ । यस्तो अवस्थामा हामीले पुरातनवादी नीतिलाई परिवर्तन गरी प्रगतीशिल र नवप्रर्वतनलाई प्रोत्साहन गर्न सकिएन भने परिवर्तन सम्भव नहुने महशुस मैले गरेको छु । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानुनलाई पूर्णतादिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानुन निर्माणमा प्राथमिकता दिनु पर्दछ । गाउँपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक वनाउनका साथै संरचनाहरुको कार्य प्रकृती, प्रदान गर्नु पर्ने सेवा र अवस्थितीको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धी गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्ने वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु । गाउँभित्र उपलब्ध तर प्रयोग विहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु पर्दछ ।

बोगटान फुडसिल गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उर्जा, उद्योग, पर्यटन, जलस्रोत , व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । कृषि तथा पशुपालनको व्यवसायिकरण र वजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा लगानी वढाउनु जरुरी छ ।

शिक्षा क्षेत्रको विकास नभै गाउँवासीको उत्थान हुन नसक्ने भएकाले गाउँ भित्र रहेका विद्यालयहरुमा रिक्त शिक्षक दरवन्दी मिलान तथा पूर्ती गर्ने,विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा मर्ज गर्दै जाने, विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमशः इन्टरनेटको सुविधा पुऱ्याउने कार्य विशेष प्राथमिकतामा राखिनु पर्दछ । वालवालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी सुधार कार्यक्रम सञ्चालन गर्ने र वालमैत्री पालिकाको विकास गर्न अन्य साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा वालवालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

यस्तो विषम परिस्थितिमा आवश्यक सतर्कता अपनाउन, आवश्यक काम बाहेक घर बाहिर ननिस्कन, अनावश्यक होहल्ला, अफवाहका पछि नलाग्न पनि सम्पुर्ण गा.पा. बासिलाई अनुरोध गर्दै आ-आफ्नो क्षेत्रवाट आवश्यक सहयोगको समेत अपिल गर्दछु ।

कोरोना भाइरसको रोकथाम नियन्त्रण र उपचारमा गाउँपालिका रात दिन खटिरहेको, आफ्नो सम्पुर्ण साधन श्रोतको परिचालन गरी गाउँपालिका यहाँहरुको साथमा रहेको हुँदा कति पनि विचलित नहुन पनि सम्पुर्णलाई आश्वस्त पार्न चाहन्छु ।

स्वास्थ्य, शिक्षा, कृषिलाई विशेष प्रथमिकतामा राखी आगामी आ.व.मा कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारका लागि पर्याप्त बजेट विनियोजन भएको पनि गा.पा. बासीमा विनियोजन भएको पनि गा.पा. बासीमा जानकारी गराउँदछु ।

आदरणीय सभा अध्यक्ष ज्यू

बोगटान फुड्सिल गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को वार्षिक, नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहले अवलम्वन गर्नुपर्ने प्रकिया पूरा गरि आएका गाउँपालिका बासीहरुका मागहरुलाई गाउँपालिकाको स्रोत र साधनले भ्याए सम्म समेट्ने प्रयास गरेका छौ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्ग दर्शनलाई पूर्णतः अवलम्वन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस नीति तथा कार्यक्रम निर्माणका लागि वडा समितिहरु, विभिन्न लक्षित समुहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रका बिज्ञ व्यक्तिहरु लगायतबाट प्राप्त सुझाव एंव वडास्तरीय भेलाबाट छनौट भई प्राथमिकिकरणको आधारमा गाउँकार्यपालिकाको वैठक बाट सिफारिस भई आएका योजनाहरुलाई यस गाउँसभामा पेश गरिएको छ ।

कोरोना भाइरस (Covid 19) ले विश्वभर माहामारिको रुप लिइरहदा हाम्रो देश, हाम्रो प्रदेश र हाम्रो पालिका समेत अछुत रहन सकेको छैन । पालिका वासिहरु लाई कोरोना भाइरसवाट वचाउन तथा उपचार गर्नका निमित्त यस वर्ष संघ र प्रदेशवाट सिमित वजेट सिमा दिएको अवस्थामा हामीले केहि वजेटको व्यवस्था गरेका छौं । Covid 19 को रोकथाम, नियन्त्रण र उपचारमा गाउँपालिका का श्रोत विनियोजन गर्नुपरेकाले पालिकाले आफ्नो दैनिक प्रशासनीक र विकास निर्माणका कार्यहरुको समेत खर्चमा नियन्त्रण गर्नु परेको छ ।

बोगटान फुड्सिल गाउँपालिका

## बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिइएका आधारहरु :

- नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९
- वालमैत्री स्थानीय शासन कार्यविधि तथा रणनीति,२०६८ • राष्ट्रिय जनगणना २०६८ का प्रतिवेदनहरु
- स्थानीय विपद जोखिम ब्यवस्थापन योजना तर्जुमा निर्देशिका , २०६८
- लैंगिक समनता तथा सामाजिक समावेशीकरण नीति, २०६६
- बोगटान फ्डशिल गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु ।
- स्थानीय निकाय लैंगिक परिक्षण कार्यविधि, २०६८
- नेपाल सरकारको नीति तथा कार्यक्रम र चालु वजेट
- प्रदेश सरकारका नीति तथा कार्यक्रम
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन २०७४
- गाउँपालिकाका चालु ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु
- नेपाल सरकारको चालु पन्ध्रौ योजना
- दीगो विकास लक्ष्य २०१६-२०३०

## आर्थिक वर्ष २०७७/०७८ को नीति कार्यकम तथा बजेटका उद्देश्यहरु

- आम जनताहरुका जीवनयापनका न्युनतम आधारभुत आवश्यकता परिपूर्ति गर्दै गरिबी, बेरोजगारी अन्त्य गर्ने
- यस क्षेत्र भित्रको स्रोत, साधन र अवसरको उच्चतम उपयोग गरि आर्थिक तथा मानवीय विकास गर्ने
- सामुदायिक सृजनशिलता र उद्यमशिलताको प्रवर्द्धन र विकास गरि जनसहभागिता आधारित सामुदायिक विकास गर्ने
- समुदायका कला,संस्कृति,भाषा,साहित्य,भेषभुषा को प्रवर्द्धन र संरक्षण गर्ने

बोगटान फुड्सिल गाउँपालिका

- यस क्षेत्रमा विद्यमान जाति, धर्म, प्रथा, परम्परा लिङ्ग तथा संस्कारका नाम हुने विभेद, शोषण, अन्याय अन्त्य गरि मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिने ।
- बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण गर्ने

**बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र :**

- पूर्वाधार विकास
- कृषिमा तथा पशुमा आधुनिकीकरण तथा व्यावसायिकरण
- स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा
- सूचना प्रविधि तथा संचारमा विकास
- मानव संसाधन र सामाजिक विकास
- पोषण
- उद्यम र सहकारिताको विकास
- वन वातावरण  तथा पर्यटन प्रवर्द्धन
- विपद् व्यवस्थापन र प्रकोप नियन्त्रण तथा रोकथाम
- युवा स्वरोजगार र श्रमशक्ती ब्थवस्थापन
- महामारी नियन्त्रण, रोकथाम र उपचार

**<u>क्षेत्रगत नीति तथा आधार हरु :</u>**

**क) राजश्व परिचालन सम्बन्धि नीति** :
गाउँपालिका संचालन तथा संमृद्ध पालिका निमार्णको लागी मानव संशाधन विकास तथा भौतिक पूर्वाधार निर्माणमा समेत आन्तरिक आयको महत्वपुर्ण भूमिका रहन्छ । करको दायरा भन्दा वाहिर रहेका करदातालाई करको दायरामा ल्याउँन सके मात्र संमृद्ध पालिका निर्माणमा गाउँबासीले अपनत्व महशुस गर्न सक्ने भएकाले आगामी आ. व मा नयाँ राजस्वका दायराको खोजी गर्नुको साथै हालसम्म करको दायरामा नआएका अन्य उद्यमी व्यवसायी

सामरोग फुङ्मिल गाउँपालिका

नागरिकहरुलाई करको दायरामा ल्याउन पहल गर्ने नीति अवलम्वन गरिएको छ । यसका लागि विज्ञ सहितको टिम निर्माण गरी अध्ययन गरी प्रतिवेदन प्राप्त गर्ने कार्य गरिनेछ । आगामी आर्थिक वर्षमा राजस्व र आन्तरिक आय बृद्धिका लागि राजश्व परामर्श समितिको सिफारिस समेतलाई मध्येनजर राखी निम्नानुसारको नीति अवलम्वन गर्ने प्रस्ताव गरेको छु ।

१. राजश्वका दरहरुलाई उपयुक्त विन्दुमा राखी दायरा विस्तारमा जोड दिइनेछ ।
२. हालसम्म गाउँपालिकाको करको दायरामा नआएको ढुङ्गा, गिट्टी बालुवा निकासी आदिलाई करको दायरामा ल्याइनेछ ।
३. पालिका भित्रका जग्गाको रेखाङ्कन गर्न अमिन खटाउँन रेखाँकन दररेट निर्धारण गरिएको छ ।
४. पालिका क्षेत्रभित्रका सबै सामूदायिक संस्थाहरुलाई दर्ता तथा नविकरण गर्ने, गराउने ।
५. पालिका भित्र रहेका कृषि तथा पशु संस्था/समूहहरुलाई दर्ता/नविकरण गराउने । यस्ता व्यवसायिबाट न्यूनतम सेवाशुल्क मात्र संकलन गर्ने
६. पालिका क्षेत्र भित्रका निर्माण व्यवसायी, परामर्श दाता संस्थाहरुलाई दर्ता/नविकरण अनिवार्य गराइनेछ ।
७. पालिका भित्र रहेका वित्तीय कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाहरु, सहकारीहरुलाई दर्ता/नविकरण गरी करको दायरामा ल्याईनेछ ।
८. पालिका क्षेत्र भित्र रहेका गैर सरकारी/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई दर्ता/सुचिकृत गराईनेछ ।
९. पालिका बाहिर दर्ता भएका तर पालिका क्षेत्रभित्र काम गर्ने राष्ट्रिय /अन्तराष्ट्रिय गैसस, सहकारी, निर्माण व्यवसायी, सप्लायर्सहरुलाई सुचिकृत गराई करको दायरामा ल्याईनेछ ।
१०. पालिका भित्र व्यवसाय संचालनमा रहेका तर पालिकामा दर्ता नभएका एवं दर्ता भएर पनि नविकरण गाउँका व्यवसायीलाई दर्ता/नविकरणमा ताकेता गरिनेछ ।
११. सबै खाले सिफारिस तथा दस्तुरलाई कडाईका साथ लागु गरिनेछ ।
१२. वन पैदावर, कृषिजन्य उत्पादन, पशुजन्य उत्पादनको निकासी, पैठारीलाई करको दायरामा ल्याईनेछ ।
१३. राजश्व चुहावटबाट अनुमान गरिए अनुरुप राजश्व संकलनका कार्य प्रभावित भएका हुँदा राजश्व चुहावट नियन्त्रणमा विशेष सजगता अपनाईनेछ ।
१४. राजश्व वृद्धि गर्ने रणनीतिहरु अवलम्वन गर्दा आर्थिक विकाससँग तादम्यता हुने किसिमका कार्यहरु अगाडि वढाउनेछु ।
१५. पालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोत र साधन जस्तै ढुङ्गा, स्लेट, गिट्टी, वालुवा, माटो, खनिज पदार्थ लगायतका वस्तुहरुको पहिचान गरी यस्ता प्राकृतिक श्रोत साधनको उत्खनन् र सङ्कलन गर्नेतर्फ पहल गरिनेछ ।

बोगटान फुड्सिल गाउँपालिका

१६. हाल कायम रहेका करका दरलाई वैज्ञानिक र व्यवाहारिक बनाउन तथा करको दायरा फराकिलो पार्ने नीति अबलंम्बन गरी आन्तरिक श्रोत बृद्धि गरिने छ ।

१७. ढुङ्गा, गिट्टी, बालुवा र कवाडी सामग्रीहरुको निकासी करलाई छिमेकि पालिकाहरुको समन्वय र सहकार्यमा व्यवस्थित गरिनेछ ।

१८. पर्यटन, जलबिद्युत, खानेपानी, लगायतका विविध विषयमा प्राप्त नभएका रोयल्टी प्राप्त गर्न आवश्यक पहल गरिनेछ ।

१९. करको दायरामा आउने र नआउने, समयमा कर तिर्ने र नतिर्ने बीच फरक अनुभूति दिन कर छुट, दण्ड तथा पुरस्कार जस्ता कार्यक्रम ल्याइने छ । बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।

२०. गाउँपालिकालाई तिर्न, बुझाउनु पर्ने सम्पूर्ण कर शुल्क बुझाईसकेपछि मात्र सेवाग्राहीलाई कार्यालयले सेवा उपलब्ध गराउने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।

२१. माथिका व्यवस्थाहरु लागू गर्दा करदाताहरुलाई करको थप व्यय भार नपर्नेतर्फ विशेष विश्लेषण गरी नीति तय गरिएको व्यहोरा समेत यस सभालाई अवगत गराउन चाहन्छु ।

बोगटान फुड्सिल गाउँपालिका

**ख) सार्वजनिक सेवा तथा क्षमता विकास सम्वन्धि नीती** :

अवको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुने छ । त्यसका लागि पालिकाको भुगोल, प्रकृती, स्रोत साधन, क्षमता र संभावनाका सम्पुर्ण कार्य सूचना प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

१. सूचना प्रविधिको अधिकतम प्रयोग, संचालित कार्यक्रमहरुको नियमित समिक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, देख्ने र पढ्ने मात्र नभई श्रव्य दृश्यको माध्यमबाट नागरिक वडापत्र सार्वजनिक गर्ने जस्ता Tools को माध्यमवाट गाउँपालिकाका काम कारवाहीमा सुशासन र पारदर्शिता प्रवर्द्धन गरीने छ ।

२. पालिकाको आवधिक योजना तर्जुमा गरी सो योजनाले लक्षित गरे बमोजिम क्षेत्रगत गुरुयोजना र वार्षिक योजना तयार गर्नका साथै वार्षिक बजेट र आवधिक योजनालाई एक आपसमा आवद्ध गरीने छ ।

३. सबै गाँउसभा सदस्यहरुको उपस्थितिमा गाउँस्तरीय अर्ध वार्षिक समीक्षा बैठक बस्ने व्यबस्था मिलाईने छ । उक्त वैठकमा अन्य सरोकारवाला साझेदार संस्था, सञ्चारकर्मी समेतको सहभागी गराईनेछ ।

४. अन्य स्थानीय तहका राम्रा अभ्यासहरुलाई यस पालिकामा भित्राउन जनप्रतिनिधि र कर्मचारीहरुलाई अबलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

५. कर्मचारीको कार्यक्षमता वृद्धिगर्न आवश्यकतामा आधारित तालिम प्रदान गर्ने, प्रविधि मैत्री बनाउने तथा असललाई पुरस्कार र खराबलाई दण्ड दिने नीति लिइने छ ।

६. निरक्षर र असमर्थ सेवाग्राहीहरुका लागि सहयोगी कक्षको व्यबस्था गरिने छ ।

७. स्थापित सामुदायिक सँस्थाहरुलाई सहकारी संस्थाको रुपमा विकास गरिने छ ।

**ग) सामाजिक विकास सम्बन्धि नीति :**

१. सहकारी व्यवस्थापनका लागि आवश्यक विधि निर्माणका साथै सहकारी संस्थालाई जग्गा खरिद र संस्थापक सदस्य केन्द्रित लगानीबाट निरुत्साहित गरि उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशिल गराई अनुगमन तथा नियमनका माध्यमबाट सहकारी क्षेत्रमा सुशासन कायम गरिने छ ।

२. गरिबि निवारण कोष अन्तर्गत कार्यक्रममा दोहोरोपना हुन नदिन कुनैपनि NGO/INGO ले पालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पुर्व गाउँपालिकावाट अनिवार्य रुपमा स्वीकृती लिनुपर्ने व्यबस्थालाई कडाईका साथ लागू गरिने छ ।

३. Covid-19 को रोकथाम, नियन्त्रण र उपचार कार्यलाई उच्च प्राथमिकतामा राखि आवश्यक कार्यक्रम अघि वढाइने छ ।

४. निःशुल्क उपलब्ध गराउने भनि तोकीएका औषधीहरुको आपूर्तिलाई सर्वसुलभ र सहज बनाइने छ । साथै पालिका भित्रका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुमा औषधीको अभाव हुन दिइनेछैन ।

५. अत्यावश्यक स्वास्थ्य सेवाको उपलव्धता र पहुचमा बृद्धि गरिनेछ ।

६. Covid-19 का कारण रोग, भोक र समस्यामा परेका जनतालाई आवश्यक राहतका कार्यक्रम ल्याइने छ ।

७. स्वास्थ्य संस्थाहरुको पूर्वाधारको विकास गरि स्तरोन्नती गर्दै लगिने छ । वर्थिङ्ग सेन्टर नभएका स्वास्थ्य चौकीहरुमा आवश्यक पूर्वाधार तयार गरी र्बिर्थिङ्ग सेन्टरको स्थापना गरी २४ घण्टे प्रसुती सेवा प्रभावकारी वनाईनेछ ।

८. असंक्रामक दीर्घरोगहरुको पहिचान तथा निदानमा आयुर्वेद सेवाको उपभोगमा बृद्धि गरिने छ ।

९. गाँउपालिका भित्रका सवै स्वास्थ्य संस्थासम्म एम्बुलेन्स आवत जावत गर्न सक्ने बाऱ्है महिना सडक पहुँच सुनिश्चित गरी यातायातका पूर्वाधार र सामाजिक विकास बीच तादम्यता कायम गरिनेछ ।

१०. सामाजिक विकास कार्यक्रम अन्तर्गत लक्षित वर्गका कार्यक्रमहरुलाई गाँउपालिकाका साथै वडाबाट समेत प्राथमिकतामा राखी वजेट विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

११. आगामी आ.व. मा पोषणका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै निकट भविष्यमै पोषणयुक्त गाउँपालिका घोषणा गर्ने गरी विभिन्न गतिविधिहरु अगाडी बढाइने छ ।

१२. पालिका क्षेत्र भित्र निर्माण हुने सार्वजनिक पूर्वाधारलाई अपाङ्ग मैत्री बनाइने छ ।

१३. घरेलु हिंसा बाट पीडित तथा पारिवारिक वीचलनमा परेका महिलाहरुको व्यवस्थापन तथा सेवाको आवश्यकता सम्बोधन गर्न सेवा केन्द्रको व्यवस्था मिलाउनेतर्फ ध्यान दिईनेछ ।

१४. महिला, दलित, जनजाति तथा सीमान्तकृत समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक उत्थानको लागि आवस्यक कार्यक्रम सन्चालन गरिनेछ ।

१५. फरक क्षमता भएका र ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र सम्मानको कार्यकम लाई निरन्तरता दिईने छ ।

१६. महिला समूह, संघ संस्था दर्ता र नबिकरण प्रकृया सहज र सरल बनाईने छ ।

१७. बालमैत्री स्थानीय शासन स्थापनाका लागि बालमैत्री गाउँ घोषणाका आधारहरु तयार गरिनेछ ।

१८. जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग र दलित बालबालिका, सडक बालबालिकाहरुलाई केन्द्रित गरी विविध कार्यक्रम सञ्चालनमा ल्याईनेछ । सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया अझ सरल र सहज बनाउदै लगिने छ ।

१९. खेलाडीको क्षमता र खेलको स्तर बृद्धि गर्न गाउँ स्तरीय सुबिधा सम्पन्न रंगशाला तथा आवश्यक भौतिक पूर्बधारको व्यबस्था गर्नेतर्फ ध्यान केन्द्रित गरिने छ ।

२०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षकहरुको विषयगत दरवन्दी मिलानका साथै विद्यालय भौतिक सुधारका विशेष कार्यक्रम ल्याइनेछ । सबै विद्यालयलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा वातावरणमैत्री

बनाइदै छात्रबृत्तीलाई प्रभावकारी बनाउन सघन अनुगमन गरिने छ । संस्थागत विद्यालयहरुको नियमन र अनुगमनलाई प्रभावकारी वनाई शिक्षाको गुणस्तर सुधारमा प्रेरित गरिने छ ।

२१. जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम मार्फत उनिहरुको स्वास्थ्य उपचारको प्रवन्ध गरिने छ ।

२२. गरिव संग अध्यक्ष कार्यक्रम मार्फत खरले छाएका घरहरु जस्ताले छाउने कार्यक्रम अघि वढाइने छ ।

२३. महिला संग उपाध्यक्ष कार्यक्रम मार्फत महिलाको सशक्तिकरणका कार्यक्रम अघि बढाइने छन् ।

२४. आगामी दुई वर्ष भित्र सबै विद्यालयहरुलाई बालमैत्री विद्यालय वनाईनेछ ।

२५. वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत फरक क्षमता भएका विद्यार्थी, समाहित शिक्षा कार्यक्रम विस्तार गरिने छ ।

२६. अहिलेको यो विषम परिस्थीतिमा बैकल्पीक माध्यमबाट शिक्षण सिकाई कार्यक्रम अघि बढाइने छ । आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङकनको कार्यलाई थप प्रभावकारी वनाइनेछ ।

२७. उच्च शिक्षालाई रोजगारीमुखी, सान्दर्भिक तथा प्रतिस्पर्धी बनाउन शैक्षिक गुणस्तरमा सुधारका प्रभावकारी कार्यक्रमहरु ल्याइनेछ ।

२८. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइनेछ ।

२९. पुस्तकालय स्थापनाको लागि आवश्यक कार्यक्रमहरु ल्याईने छ ।

**घ) पूर्वाधार सम्बन्धि नीति**

१. पूर्वाधार विकास गर्दा वन तथा वातावरणीय असर र जोखिम न्यूनिकरण हुने गरी कार्य सञ्चालन गरिनेछ ।

२. पूर्वाधार विकासका कार्य सञ्चालन गर्दा सार्वजनिक, निजी, सामूहिकको लागत साझेदारी तथा बाह्य स्रोत परिचालनमा प्राथमिकता दिईनेछ ।

३. बस्ती स्तरबाट माग भएका, रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा सकेसम्म कम असर पर्ने र स्थानीय सहभागिता जुट्न सक्ने बढी जनसंख्या लाभान्भित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ । कम लगानीमा वढी भन्दा वढी जनसंख्या लाभान्वित हुने पूर्वाधार निर्माणलाई पालिका को ध्यान केन्द्रित गरिनेछ ।

४. साना सिंचाई गूरुयोजना तथा खानेपानी गूरुयोजना तयार गरी आयोजनाहरु सञ्चालन पूर्व सर्वे डिजाईन तथा लागत तयार गरेर आवधिक योजनाको अभिन्न अंगको रुपमा अगाडि बढाईनेछ ।

५. पालिका केन्द्र देखि वडा केन्द्र जोड्ने र प्रमुख बजार केन्द्र तथा कृषि उत्पादन केन्द्र जोड्ने प्रमुख सडकहरुमा प्राथमिकताको आधारमा बजेट बिनियोजन गरिनेछ ।

बोगटान फुड्सिल गाउँपालिका

६. सेवा प्रवाहको सहुलियतताका लागि वडा कार्यालयबाट नै सेवा प्रवाह गर्ने नीतिको व्यवहारिक कार्यान्वयन गरिनेछ ।
७. जलवायु परिवर्तन लगायत प्रभावको कारण खानेपानीको समस्या दिनानु दिन विकराल बन्दै गएको छ । सबै पालिका वासीलाई स्वच्छ पिउने पानीको व्यवस्था मिलाउँनु पालिकाको कर्तव्य हो ।  खानेपानीका श्रोतको पहिचान गरी खानेपानीको सेवा उपलब्ध गराउन प्राथमिकता दिईनेछ ।
८. गुणात्मक र परिणामात्मकतामा नघट्ने गरी योजनाको कार्यान्वयनमा जोड दिईनेछ । समयमा नै आयोजनाहरुको स्टमेट र मूल्यांकन गराउने कार्यमा प्राविधिकलाई क्रियाशिल गराईनेछ ।
९. सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्रयाक ओपन भइसकेका सडकको स्तरोन्नतीका लागि प्राथमिकता दिइनेछ । वनिसकेका सडक, पुल पुलेसा संरक्षण, मर्मत र स्तरोन्नतीमा प्राथमिकता दिइनेछ ।
१०. सडक लगायतका भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिकबाट प्राप्त Specification लाई कडाईका साथ लागू गराइनेछ ।
११. कृषि सडक तथा हरियाली सडक निर्माणमा प्राथमिकता दिइनेछ ।
१२. दुई वा दुई भन्दा वढी वडा केन्द्र जोड्ने सडक निर्माण तथा स्तरोन्नति गर्नका लागि विशेष महत्व दिईनेछ ।
१३. पर्यटकीय क्षेत्र, कृषि पकेट क्षेत्र, पशुपालन पकेट क्षेत्र, प्राकृतिक श्रोत साधन भएको क्षेत्र जोड्ने सडक वाह्रै महिना चलाउन वजेटको व्यवस्था गरिनेछ ।

## ङ. विद्युतीकरण  सम्बन्धि नीति

१. आगामी आ.व.मा नै सबै वडाका घरघरमा बिजुली बत्ति पुग्ने गरी विद्युतीकरण नीति वनाइनेछ । यसका लागि नेपाल विद्युत प्राधिकरण, प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक सहयोग लिइने छ ।
२. वैकल्पिक उर्जाका कार्यक्रमहरुको उपयोगमा जोड दिइनेछ । यसका लागि साझेदार संस्थाहरुको समेत सहयोग जुटाउने प्रयत्न गरिने छ ।
३. उर्जा संकट न्यूनिकरण गर्न साना जलविधुत, सौर्य उर्जा, वायुउर्जा जस्ता वैकल्पिक उर्जाको प्रवर्धन विकास र विस्तारमा यस क्षेत्रका बैंक तथा वित्तिय क्षेत्रको लगानी आकर्षित गर्ने नीति लिइने छ ।

## च. पर्यटन पूर्वाधार सम्बन्धि नीति

१. प्राकृतिक सौन्दर्यता, प्राकृतिक स्रोत र साधन, जलसम्पदा, भाषा, कला, संस्कृति आदिको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गरी पर्यटन उद्योगको विकास गर्ने नीति लिइएको छ । त्यसैगरी विभिन्न जातजातिको मिश्रीत वसोवास रहेको यस पालिकामा जाति अनुसार संस्कृती भेषभुषा र परम्परा रहेकाले यिनीहरुलाई लक्षित गरी साँस्कृतिक पर्यटन पूर्वाधार विकास गरिनेछ

२. पर्यटन तथा व्यापार विस्तारमा उपयोगी नीति अवलम्वन गरिनेछ जसका लागि समग्र गाउँको पर्यटन गुरुयोजना अनुसार आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

३. प्रमुख पर्यटकीय क्षेत्रका मठ, मन्दिर, गुम्बा आदिको निर्माण मर्मत र जिर्णाद्धार गर्ने नीति अवलम्वन गरिनेछ । पर्यटकीय स्थलको पहिचान गरी महत्वपूर्ण पर्यटकीय स्थलहरुको संरक्षण र प्रचारप्रसारमा जोड दिइनेछ ।

**छ. अनुगमन तथा मूल्याङ्कन प्रणाली नीति**

१. अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याउन नतिजामूलक अनुगमन प्रणाली अबलम्बन गरिनेछ ।

२. नतिजामा आधारित योजना निर्माण र योजनाको अनुगमन प्रणालीको अवलम्बन गरिनेछ ।

३. पालिका को दिगो विकास र मर्यादा अभिवृद्धिका लागि सडक,जल बिद्युत,खेलकुद, खानेपानी र पार्कका क्षेत्रमा गाउँ गौरबका आयोजना छनौट गरी प्राथमिकताका साथ संचालन गरीने छ ।

४. मुहान संरक्षण र वर्षातको पानी संकलन गरि खानेपानीको स्रोत वृद्धि गरिने छ । खानेपानी योजना निर्माणमा अन्य क्षेत्रको समेत सहयोग लिईनेछ र यसलाई अभियान रुपमा सञ्चालन गरिने छ ।

५. गाँउ सभाबाट स्वीकृत विकास योजनाहरुको उपभोक्ता समिति निर्माण असोज मसान्त भित्र, लागत इष्टीमेट कार्तिक मसान्त भित्र, सम्झौता फागुन मसान्त भित्र र निर्माण सम्पन्न जेठ मसान्त भित्र भईसक्नेगरि कार्य अगाडी बढाई विकास निर्माणमा प्रभावकारिता हासिल गरिने छ ।

६. स्पष्ट नतिजा प्राप्तिको सुनिश्चितता नभएका र प्रयाप्त तयारी नभएका आयोजना र कार्यक्रममा बजेट बिनियोजन गरिने छैन । वित्तीय अनुशासनमा कडाई गरि वित्तीय जोखिम घटाइने छ । स्थानीय संचित कोषको दोहन गर्ने प्रवृतिमा अंकुश लगाईने छ ।

७. आयोजनाको बजेट विनियोजनलाई यथार्थपरक बनाउन योजना छनौटकै चरणमा प्राबिधिक लागत अनुमान तयार गर्ने कामको थालनी गरिने छ ।

**ज. आर्थिक विकास सम्बन्धी नीति**

१. यस गाँउपालिकाले कृषि, पशु, साना तथा घरेलु उद्योग, व्यापार व्यवसायलाई आर्थिक विकासको संवाहकको रुपमा पहिचान गरेको छ । यस क्षेत्रको विकासका लागि निजी र सहकारी क्षेत्रको लगानी केन्द्रित गर्न प्रोत्साहित गरिने छ ।

२. सुख्खा तर कृषियोग्य फाँटमा सिंचाई सम्बन्धि पूर्वाधार निर्माणमा लगानी वढाउने नीति अवलम्बन गरिएको छ ।

३. सहकारीमा आधारित कृषि प्रणालीलाई अनुदानको व्यवस्था गर्ने कार्यको शूरुवात गरिने छ ।

४. कृषक समूह, व्यवसायिक फर्महरुलाई प्राविधिक सेवा तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग उपलब्ध गराईनेछ ।
५. उन्नत जातको वीउविजन तथा नश्ल सुधारका कार्यक्रममा लगानी वढाईने छ ।
६. पशु /वाली विमा कार्य प्रभावकारी रुपमा लागू गराउन अन्य क्षेत्रको समेत सहयोग जुटाईने छ ।
७. न्यून आय भएका गरीव महिलाहरुको आम्दानीका स्रोत वढाउन आय आर्जनका विभिन्न योजना तर्जुमा गरी सञ्चालन गरिनेछ ।
८. सुख्खा क्षेत्रमा सुख्खा सहनशिल घाँस वालीको विकास गर्न प्रविधिको अन्वेषण गर्ने कार्यको शुरुवात गरिनेछ ।
९. कृषि प्रशोधन केन्द्र र कृषिमा आधारित उद्योग खोल्न सम्भाव्यता अध्ययन गरी लगानी वढाईनेछ । कृषि तथा पशुजन्य उपजहरुको बजारीकरणमा सहकारी एवं निजि क्षेत्रलाई समेत परिचालन गरिनेछ । बढि भन्दा बढी रोजगारी सिर्जना हुने गरी कृषिका कार्यक्रमहरु अगाडी बढाइने छ ।
१०. किसानलाई आफ्नो उत्पादनको वजारीकरण गर्न प्रेरित गर्नका साथै वजार सुनिश्चितता गर्ने तर्फ ध्यान पुऱ्याईनेछ ।
११. विभिन्न कृषि पकेटहरु क्षेत्रहरु (अदुवा, सुन्तला, मह, आलु, भटमास, बाख्रा, भैँसी) तोकि सो बमोजिम आवश्यक कार्यक्रमहरु अघि बढाइने छ ।
१२. स्थानीय वातावरण अनुकुलका फलफूल तथा तरकारी उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गर्नुका साथै बजारिकरणमा समेत जोड दिईने छ ।
१३. स्थानीय स्रोत र सीपमा आधारित साना घरेलु तथा कुटीर उद्योगलाई प्रोत्साहन गर्न त्यस्ता उधोगलाई आवश्यक पानी, विजुली, प्रवेश मार्ग सहज उपलब्ध गराई रोजगार वृद्धि हुने कार्यक्रमको सृजना गरिने छ ।
१४. पालिकास्तरीय उद्यम विकास योजना कार्यान्वयनका लागि विशेष ध्यान पुऱ्याईनेछ ।
१५. उद्योग तथा व्यापार व्यवसायका माध्यमबाट गाउँको आर्थिक विकास गर्न व्यापार सहजिकरणको नीति अवलम्बन गरिनेछ ।

**झ. वातावरण संरक्षण तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

१. हरियाली प्रवर्द्धन गरी वातावरण संरक्षण गर्न सुख्खा क्षेत्रमा अनुकूल हुने बोट विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
२. जंगल क्षेत्रभित्र सडक निर्माण गर्दा रुख विरुवाको कम क्षति हुने गरी निर्माण गर्ने र रुख विरुवा क्षति भएमा एक रुख बराबर ५ विरुवा लगाई हुर्काउने प्रबन्ध सम्बन्धित निर्माणकर्ताले मिलाउनु पर्ने नीति तय गरिनेछ ।

**ञ. फोहोर मैला व्यवस्थापन सम्वन्धि नीति**

१. सार्वजनिक स्थलमा फोहोर गर्नेलाई दण्ड सजाय सम्बन्धि व्यवस्था कडाईका साथ लागू गरिनेछ ।

२. जथाभावी फोहर फाल्ने प्रवृत्तीलाई निरुत्साहित गरी यस्ता कार्य दण्डनीय वनाइनेछ ।
३. टोल सुधार समितिकानिर्माण गरिनेछ । टोल सुधार समिति संग सहकार्य गरी सरसफाई कार्यलाई अभियानको रुपमा लगिनेछ ।
४. वडा वडामा नर्सरी स्थापनाको कार्य अभियानको रुपमा लगिनेछ ।
५. वन पैदावारको उपयोग सम्बन्धि नीति तय गर्न सरोकारवाला निकायहरुसँग समन्वयको शुरुवात गरिनेछ ।

## ट. विपद पछिको व्यवस्थापन नीति

१. विपदमा परेका परिवारलाइ पुनर्स्थापना गर्ने स्थानको व्यवस्थाका साथै जिविकोपार्जनमा टेवा पुर्‍याउने कार्य समेत सञ्चालन गरिनेछ ।
२. आगलागि लगायतका प्रकोप पीडितलाई तत्काल राहतका लागि प्रहरी प्रतिवेदन, वडा कार्यालयको सिफारिसको आधारमा गाँउपालिकाबाट राहत उपलब्ध गराउने कार्य निरन्तर रुपमा अगाडी बढाइने छ ।
३. वातावरण तथा विपद व्यवस्थापन समितिको क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
४. विपद व्यवस्थापनका लागि आवश्यकताको आधारमा युवाहरुको समूह गठन गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।
५. विपदको पूर्व तयारीका लागि दुर्घटना सचेतना कार्यक्रम सञ्चालनका साथै विपदमा परेकाको उद्धारका लागि उद्धार सामाग्री सहितको जनशक्ति व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

## ठ. विधेयक सम्बन्धि नीति

१. स्थानीय तहका अधिकारको अधिकतम प्रयोग गर्ने गरी गााउँपालिकाका लागि आवश्यक ऐन नियमहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
२. सरोकारवालाहरुको सहभागितामा गाउँपालिकाको आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित विषयमा आवश्यक ऐन, कानून र कार्यविधीहरु तर्जुमा गरी कानुनको शासनलाई प्रभावकारी बनाईने छ ।
३. गाउँपालिकाले वनाएका ऐन, नियम, निर्देशिका, कार्यविधी तथा नीतिहरुको ऐन संग्रह निर्माण गरिने छ ।
४. पालिकाबासीहरु संग बढी सरोकार राख्ने नीति नियमहरुलाई प्राथमिकतामा राखिनेछ ।

## ड. स्थानीय न्याय व्यवस्थापन सम्बन्धी नीति

१. समाजमा अनावश्यक रुपमा हुन सक्ने विवाद र मुद्दा मामिलालाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै पालिकाको न्यायिक समितिको क्षमता अभिबृद्धि गरिने छ ।



बोगटान फुड्सिल गाउँपालिका

२. पिछडिएको बर्ग र क्षेत्रका व्यक्तिहरुको न्यायमा सँहज पँहूच सुनिश्चित गर्न कानुनी शिक्षा र सचेतना कार्यक्रम संचालन गरीने छ ।
३. कानून विज्ञहरुबाट न्यायिक समिति, जनप्रतिनिधी र कर्मचारी लगायतलाई आवश्यक तालिमको ब्यवस्था गरिने छ ।
४. न्यायिक समितिको छुट्टै सचिवालयको व्यवस्था गरिनेछ । आवश्यक मात्रामा सन्दर्भ सामाग्री तथा भौतिक सामाग्रीको व्यवस्थापन गरिने छ ।
५. पालिकामा सूचिकृत मेलमिलापकर्तालाई आवश्यक तालिम प्रदान गरी परिचालन गरिनेछ ।
६. कानुनी सहायता, मुद्दा मामिलाको सम्पादन सहजताका लागि कानुनि विज्ञको व्यवस्था गरिने छ । साथै न्यायिक प्रक्रियामा उत्कृष्ट उपलब्धि हासिल गरेका अन्य पालिकाहरुको अध्ययन भ्रमण गराई न्यायिक समितिका पदाधिकारीहरुको न्यायिक मूल्याँकन क्षमतामा वृद्धि गरिनेछ ।
७. न्याय तथा मेलमिलापको दृष्टिकोणले यस पालिकाको न्यायिक समितिलाई नमुनायोग्य वनाउनतर्फ ध्यान केन्द्रित गरिने छ ।

**च. रोजगार प्रवर्धन सम्वन्धी निति**

१. बिदेश तथा छिमेकी मुलुक भारतबाट आएका दाजुभाई दिदि वहिनीहरुको लागत संकलन गर्दै उनिहरुमा भएको सिप र अनुभवको उचित प्रयोग हुने गरी विभिन्न कार्यक्रमहरु ल्याइने छ ।
२. संघ प्रदेश र स्थानिय तिनै तहको सहकार्यमा कामका लागि पारिश्रमिक, पहल परियोजना जस्ता कार्यक्रमहरु अघि बाढाइने छ ।
३. विकास निर्माणका कार्यक्रमहरु बढी भन्दा बढी व्यक्ती रोजगारी हुने गरी अघि बढाइने छ ।
४. सडक मर्मत सम्भार समुह मार्फत सडक मर्मतका कार्य अगाडी बढाइने छ । जसवाट रोजगारी सृजना हुने अपेक्षा गरिएको छ ।

बोगटान फुड्सिल गाउँपालिका

आदरणीय सभाध्यक्ष ज्यु, अतिथी ज्यु, गाउँसभाका सदस्यज्यूहरु, अन्य उपस्थित महानुभावहरु

यो नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ्य र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित वनाउने, सुशासन कायम गराउने, पालिकाको दीर्घकालीन उद्देश्य प्राप्त गर्ने ध्येयलाई केन्द्रमा राखिएको छ । यो नीति तथा कार्यक्रम लोकतान्त्रिक शासन पद्धती, सामाजिक न्याय, समन्यायिक आर्थिक विकास, दीगो शान्ति र अग्रगमनबाट प्रेरित छ । यो नीति तथा कार्यक्रमबाट विकासमा जनताको सहभागिताका साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत श्रमको उत्पादकत्व वृद्धिको अवस्थाले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ ।

आदरणीय सभा अध्यक्षज्यू,
अव म आगामी आ.व. २०७७/०७८ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आय तर्फः**

१. आन्तरिक आय -२१ लाख

२. अ.ल्या. - १ करोड

३. संघीय वित्तीय समानीकरण -८ करोड १० लाख

४ प्रदेश वित्तिय समानीकरण -६९ लाख ५५ हजार

५.संघीय राजश्व बाँडफाँड -७ करोड ७५ लाख ४६ हजार ६ सय ९०

६. प्रदेश सवारी साधन कर बाँडफाँड - २२ लाख ३७ हजार

७. सशर्त - १९ करोड १६ लाख

कुल जम्मा आय : ४१ करोड ३५ लाख ८९ हजार ६ सय ९०

**व्यय तर्फ :**

| सि.न. | कार्यक्रम | रकम | अक्षरमा | चालु | पुंजीगत |
|---|---|---|---|---|---|
| १. | प्रशासनिक तथा कार्यालय | ५०२२५००० | पाँच करोड दुइ | ४७७२५००० | २५००००० |



बोगटान फुड्सिल गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | संचालन | | लाख पच्चीस हजार | | |
| २. | वडा पुजिगत | ३८५००००० | तीन करोड पचासी लाख | ३८५००००० | |
| ३. | समपुरक | १४४७३००० | एक करोड चवालीस लाख त्रिहत्तर हजार | १४४७३००० | |
| ४. | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना | १२९४९०२३ | एक करोड उनन्तीस लाख उनन्पचास हजार तेइस | ७००००० | १२२४९०२३ |
| ५. | आवधिक योजना | १०००००० | दश लाख | १०००००० | |
| ६. | कर्मचारी आवास | ३०००००० | तीस लाख | | ३०००००० |
| ७. | झुलुगें पुल | ६००००० | छ लाख | | ६००००० |
| ८. | प्रकोप ब्यवस्थापन | १०१००००० | एक करोड एक लाख | १०१००००० | |
| ९. | स्वास्थ्य | ९५००००० | पन्चानव्वे लाख | ४५८०००० | ४९२०००० |
| १०. | शिक्षा | ९०००००० | नव्वे लाख | ७३१५००० | १६८५००० |
| ११. | कृषि | ४०००००० | चालिस लाख | ३०००००० | १०००००० |
| १२. | पशु | ३०००००० | तीस लाख | ३०००००० | |
| १३. | आकस्मिक | १०००००० | दश लाख | १०००००० | |
| १४. | न्यायिक समिती | ९५०००० | नौ लाख पचास हजार | ३००००० | ६५०००० |
| १५. | गरिबसगं अध्यक्ष | ४१००००० | एकचालीस लाख | | ४१००००० |
| १६. | सडक मर्मत सम्भार | २४००००० | चौविस लाख | २४००००० | |
| १७. | महिला लघु उद्यम कार्यक्रम | ५००००० | पाँच लाख | ५००००० | |
| १८. | दलित लघु उद्यम कार्यक्रम | ५००००० | पाँच लाख | ५००००० | |
| १९. | अपागं | ४००००० | चार लाख | ४००००० | |
| २०. | जनजाती | २००००० | दुई लाख | २००००० | |
| २१. | अल्पसंख्यक | ५०००० | पचास हजार | ५०००० | |
| २२. | पोषण | ४००००० | चार लाख | ४००००० | |
| २३. | बालबालिका | ४००००० | चार लाख | ४००००० | |
| २४. | महिलासगं उपाध्यक्ष | ७५०००० | सात लाख पचास हजार | ७५०००० | |



बोगटान फुड्सिल गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| २५. | सहिद पार्क | ५००००० | पाँच लाख | | ५००००० |
| २६. | मुख्य सडक मर्मत | ७००००० | सात लाख | | ७००००० |
| २७. | सडक निमार्ण | २०००००० | बीस लाख | | २०००००० |
| २८. | डोटी क्याम्पस डोटी | ५००००० | पाँच लाख | | ५००००० |
| २९. | वडा प्रशासनीक | ७००००० | सात लाख | ७००००० | |
| ३०. | सिंचाई | १५००००० | पन्ध्र लाख | | १५००००० |
| ३१. | खानेपानी | ७००००० | सात लाख | | ७००००० |
| ३२. | उर्जा | ९००००० | नौ लाख | | ९००००० |
| ३३. | प्राबिधिक कर्मचारी तालीम तथा सामग्री खरिद | ७००००० | सात लाख | १५०००० | ५५०००० |
| ३४. | प्रधानमन्त्री रोजगाार कार्यक्रम | १५०००० | एक लाख पचास हजार | १५०००० | |
| ३५. | RVWRMP | ५००००० | पाँच लाख | २२५००० | २७५००० |
| ३६. | आर्युबेद | २५०००० | दुई लाख पचास हजार | २५०००० | |
| ३७. | DLSR camera | १००००० | एक लाख | | १००००० |
| ३८. | जनप्रतिनिधी तथा कर्मचारीलाई कम्प्युटर तालीम | १००००० | एक लाख | १००००० | |
| ३९. | भैपरी आउने चालु तथा पुँजीगत | २५४१६६७ | पच्चीस लाख एकचालीस हजार छ सय सतसट्ठी | १०००००० | १५४१६६७ |
| ४०. | सशर्त अनुदान | १९१६००००० | उन्नाइस करोड सोह्र लाख | ६५७९९००० | १२५८०१००० |
| ४१. | समपुरक अनुदान | १५३५१००० | एक करोड त्रीपन्न लाख एकाउन हजार | | १५३५१००० |
| ४२. | विशेष अनुदान | २६८००००० | दुइ करोड अठसट्ठी लाख | | २६८००००० |
| **जम्मा** | | **४१३५८९६९०** | एकचालीस करोड पैंतीस लाख उनानब्बे हजार छ सय नब्बे | **२०५६६७०००** | **२०७९२२६९०** |

खर्च तर्फको योजनागत विस्तृत विवरण गाउँसभाबाट पारित भई सके पछि सार्वजनिक गरिनेछ ।

**आदरणीय सभा अध्यक्षज्यू ।**

नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने गाउँकार्यपालिका सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारी ज्यूहरु, विभिन्न क्षेत्रका विज्ञज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । हाम्रो निमन्त्रणलाई स्वीकार गरी हामीलाई अमूल्य समय दिई यस सभामा पाल्नु भएका अतिथि, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, सरकारी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यू लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु, सम्पूर्ण कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरु प्रति आभार व्यक्त गर्दछु । साथै यस गाउँसभा सम्पन्न गर्न तथा आगामी आ.व.को नीति, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत, प्रशासकिय अधिकृत तथा लेखा अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी योजना, कार्यक्रम, बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउँदै यस गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहन्छु ।

धन्यवाद ।

मिति : २०७७ साल असार १० गते

भगवती देवी वम

उपाध्यक्ष

बोगटान फुड्सिल गाउँपालिका

चवराचौतारा, डोटी

बोगटान फुड्सिल गाउँपालिका

बोगटान फुड्सिल गाउँपालिका